# नेपाल विद्युत प्राधिकरण

**चोभार-पाटन १३२ के. भी. भूमिगत प्रसारण लाइन आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनको तयारी सम्बन्धी वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ उपनियम २ बमोजिम**

## सार्वजनिक सूचना

(मिति २०७९/०८/२४ गते)

बागमती प्रदेश, काठमाडौं र ललितपुर जिल्लामा नेपाल विद्युत प्राधिकरणद्वारा निम्न बमोजिमका प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| प्रस्तावकको नाम र ठेगाना | नेपाल विद्युत प्राधिकरण, दरबारमार्ग, काठमाडौँ |
|---|---|
| प्रस्तावको व्यहोरा | प्रस्तावमा चोभार, किर्तिपुर न.पा.-६ मा निर्माणाधीन चोभार सवस्टेसनबाट लगनखेल, ललितपुर म.न.पा.-५ मा अवस्थित पाटन सवस्टेसनसम्म करिब ४.५ कि.मि. लामो १३२ के.भि. क्षमताको डबल सर्किट भूमिगत प्रसारण लाइन निर्माण गरिनेछ । यो प्रसारण लाइनमा तारलाई उद्गमबिन्दु देखि अन्तिम बिन्दुसम्म पक्की सडकमुनि बिछ्याइनेछ । प्रसारण लाइनमा जम्मा ९ वटा जोइन्ट पिटहरु रहनेछन् । निर्माण गर्दा विशेषगरी खाडल खन्ने (open excavation) र केही स्थानमा तेर्सो दिशामा ड्रिलिङ गर्ने (horizontal directional drilling) विधि प्रयोग गरिनेछ । |
| प्रभाव पर्नसक्ने जिल्ला/ महानगरपालिका/नगरपालिका | काठमाडौँ जिल्लाको कीर्तिपुर नगरपालिका (वाड नं. ६) र ललितपुर जिल्लाको ललितपुर महानगरपालिका ( वाड नं. १८, ४, ५, १३, १४) |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको म.न.पा./न.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

नेपाल विद्युत प्राधिकरण
स्थापित २०४२
NEPAL ELECTRICITY AUTHORITY
ESTD. 1985

राय सुझाबका लागि पत्राचार गर्ने ठेगाना
नेपाल विद्युत प्राधिकरण
सामाजिक सुरक्षण तथा वातावरण व्यवस्थापन विभाग
मध्य बानेश्वर, काठमाडौं, फो.नं. ०१–५९०२०१५, इमेल ssemd@nea.org.np